म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १४८ | बुधबार, २४ पुस २०८१ | ने. सं. ११४५ पोहेलाथ्व | 8 January 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा भूकम्पको धक्का महसुश

हेटौंडा, २३ पुस/मकवानपुरमा मंगलबार बिहान भूकम्पको धक्का महसुश गरिएको छ । हिटौंडा उपमहानगरपालिका क्षेत्रमा एकाबिहानै भूकम्पको धक्का महसुश भएपछि घरभित्र रहेका मानिस बाहिर निस्किएका थिए । भूकम्पका कारण के-कति क्षति भयो वा भएन ? भन्ने विवरण आइसकेको छैन । नेपालमा महसुश भएको भूकम्पको केन्द्रविन्दु नेपाल-चीन सीमाना तिप्बतको दिंगे कान्टीमा रहेको पुष्टि भएको छ । खानी तथा भूगर्भ विभागका अनुसार त्यसक्षेत्रमा ७ म्यागिनच्युडको भूकम्प गएको हो । बिहान ६ बजेर ५० मिनेटमा भूकम्प गएको विभागले जनाएको छ । त्यसले नेपालका प्राय: ठाउँमा धक्का दिएको छ । तिब्बत क्षेत्रका साथै नेपालको पूर्वदेखि मध्यक्षेत्रमा ठूलो धक्का दिएको थियो । स्थानीय प्रशासनले विवरण संकलनको काम गरिरहेका छन् । भूकम्पको केन्द्रबिन्दु नेपालको सोलुखुम्बु क्षेत्र नजिक पर्छ । सोलुखुम्बुका प्रहरी प्रवक्ता इन्सपेक्टर लक्ष्मण गिरीले ठूलो धक्का महसुश भएको र क्षति भए-नभएको बारेमा बुझ्ने काम भइरहेको जानकारी दिए ।

### मउवा संघ निर्वाचन:

# रानाभाट र अग्रवाल प्यानल बनाएर भिड्दै, कसको टिममा को ?

### ३ वर्षमा ८६१ मतदाता घटे, डेढ घण्टा उम्मेदवारी दर्ताको समय

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ यतिबेला उद्योगी/व्यवसायीको छाता संगठनमा नेतृत्वका लागि आसन्न निर्वाचनले गर्मिलो बनेको छ । चोकचोकमा उम्मेदवारको फोटो, माइकिङको चर्को ध्वनीले निर्वाचनको माहोललाई तताउँदै लगेको छ ।

जिल्लाका उद्योगी, व्यवसायीको छाता संस्था मकवानपुर उद्योग वाणिज्य (मउवा) संघको ५८ औं साधारणसभा तथा अधिवेशन अन्तर्गत हुने निर्वाचनको रौनकले सबै चुनावी राजनीतिमा व्यस्त छन् । संघको यसपालीको निर्वाचनका लागि ५७ औं साधारणसभाबाट विधान संशोधन गरेर प्रत्येक पदमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था कायम गरिएको छ । विगतमा अध्यक्षले निर्वाचित सदस्यमध्येबाट महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष मनोनित गर्ने व्यवस्था थियो ।

प्रत्येक पदमा प्रत्यक्ष निर्वाचनको व्यवस्थाले निर्वाचनलाई थप रोचक र गर्विलो बनाएको छ । मउवा संघमा २८ जनाको कार्यसमिति हुनेछ । अध्यक्ष, ४ उपाध्यक्ष (एसोसिएसन, वाणिज्य, उद्योग र वस्तुगत), १ महासचिव, १ कोषाध्यक्ष, ४ सचिव र एक सहकोषाध्यक्ष पदका लागि निर्वाचन हुनेछ । एसोसिएटतर्फ ४ सदस्य, वाणिज्यतर्फ ७ सदस्य, उद्योगतर्फ ४ सदस्य र वस्तुगततर्फ १ सदस्य पद रहने संघका कार्यकारी सचिव पवन कार्कीले जानकारी दिए ।

२४ देखि २७ पुससम्म हुने साधारणसभाले नयाँ नेतृत्व चयन गर्नेछ । संघको ३ वर्षे कार्यकालको नेतृत्वका लागि वर्तमान वरिष्ठउपाध्यक्ष अनिल अग्रवाल र वर्तमान उपाध्यक्ष प्रमोदसिंह रानाभाट प्यानल बनाएर चुनावी मैदानमा उत्रिएका छन् । रानाभाट र अग्रवाल दुवैले प्यानल घोषणा गरिसकेका छन् । संघमा वस्तुगत, वाणिज्य, उद्योग र एसोसिएटतर्फका उम्मेदवार रहेका छन् ।

**कस्तो बन्यो रानाभाट टिम ?**

अध्यक्ष उम्मेदवार रानाभाटले आइतबार प्यानल घोषणासँगै आफ्नो प्रतिबद्धता सार्वजनिक गरेका छन् । रानाभाट प्यानलबाट महासचिवमा प्रतिमा श्रेष्ठ, कोषाध्यक्षमा श्रीकृष्ण कर्माचार्य (भाइ), सहकोषाध्यक्षमा निलम वैद्य उम्मेद्वार बनेका छन् ।

एसोसिएटतर्फ उपाध्यक्षमा उज्ज्वल चौलागाईं, सचिवमा माधव ज्ञवाली, सदस्यमा अंकिता सुमार्गी, नवराज खतिवडा र सुकृत पराजुलीको उम्मेदवारी घोषणा भएको छ । उद्योगतर्फ उपाध्यक्षमा दीपक उप्रेती, सचिवमा रुपकराज दाहाल, सदस्यहरु जगदीश दाहाल, कृष्णराज कोइराला, भुपेन्द्र अधिकारी, महिला आरक्षणमा सीतादेवी भेटवाल तथा वस्तुगततर्फ उपाध्यक्षमा प्रदीप अर्याल, सचिवमा राजाराम कार्की र सदस्य कृष्ण अर्याल छन् ।

वाणिज्यतर्फ उपाध्यक्षमा रामप्रसाद न्यौपाने, सचिवमा कुलप्रसाद चौलागाई, सदस्यहरु राजेन्द्र लामिछाने (राजेश), सन्तोष घिमिरे, राजदेव बनियाँ, होमनाथ खनाल (रोशन), महिला आरक्षणमा निलम बजगाई देवकोटा छन् ।

**अग्रवालको टिममा को-को छन् ?**

अध्यक्ष पदका उम्मेदवार अग्रवालले सोमबार साँझ आफ्नो प्यानल घोषणा गरेका छन् । अग्रवालले आफ्नो टिम घोषणा कार्यक्रममा चर्चित गायक बद्री पंगेनीलाई आमन्त्रण गरी सांगीतिक प्रस्तुती दिएका थिए ।

अग्रवालको प्यानलबाट महासचिवमा विकेशलाल श्रेष्ठ, कोषाध्यक्षमा तेजराज अधिकारी, सहकोषाध्यक्षमा राधिका सामरीपाण्डे उम्मेद्वार रहेका छन् । एसोसिएटतर्फ उपाध्यक्षमा विष्णु खनालको मात्रै उम्मदवारी रहेको छ । वाणिज्यतर्फको उपाध्यक्षमा राजु अधिकारी, सचिवमा दिवस पराजुली र सदस्यमा रविन ढकाल, विष्णुप्रसाद दाहाल, बालकृष्ण बजगाई, यज्ञबहादुर राई र महिला आरक्षणमा निलम पाण्डे रहेका छन् ।

उद्योगतर्फ उपाध्यक्षमा र विन्द्रप्रसाद घिमिरे, सदस्यमा कृष्णगोपाल महर्जन, दीपक शिवाकोटी, गंगाकुमारी श्रेष्ठ, महिला आरक्षणमा मेनका श्रेष्ठ उम्मेदवार तय भएको छ । वस्तुगततर्फ उपाध्यक्षमा काव्यमणि अधिकारी, सचिवमा नेत्रप्रसाद खतिवडा र सदस्यमा शम्भु पुडासैनी छन् ।





**उम्मेदवारी दर्ता र मतदान कहिले ?**

आज पुस २४ गते नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले साधारणसभा उद्घाटन गर्ने कार्यतालिका तय भएको संघले जनाएको छ । यही दिन बन्द सत्र सुरु हुनेछ । २५ पुस बिहान ८ बजे अन्तिम मतदाता नामावली प्रकाशन हुने संघका कार्यकारी सचिव कार्कीले जानकारी दिए ।

यही दिन साढे १० बजेबाट १२ बजेभित्र उम्मेदवारी दर्ताका लागि समय प्रदान गरिएको उनले बताए । उम्मेदवारहरु डेढ घण्टाभित्र मनोनयन दर्तास्थलमा प्रवेश गरिसक्नुपर्ने सचिव कार्कीले जनाए । उम्मेदवारको नामावली प्रकाशनलगत्तै दाबीविरोधको समय हुनेछ । २७ गते मतदान कार्य हुनेछ । मतदान सकिएलगत्तै मतगणना सुरु हुने सचिव कार्कीले जानकारी दिए । मतगणनास्थल छनोट भइसकेको छैन ।

**३ वर्षमा ८ सय ६१ मतदाता घटे**

यसवर्षको निर्वाचनमा २ हजार ४६ जना सदस्यले मतदान गर्न पाउनेछन् । अघिल्लो अधिवेशनमा २ हजार ९ सय ७ जना सदस्य थिए । ३ वर्षमा ८ सय ६१ जना सदस्य घटेका छन् । मउवा संघको सदस्यता नवीकरण नगर्ने हालसम्मकै यो ठूलो संख्या रहेको सचिव कार्कीले बताए ।

विधान संशोधनपछि सदस्यता नवीकरणमा फर्मको कर चुक्ता प्रमाणपत्र अनिवार्य गरेपछि ठूलो संख्या घटेको हुन सक्ने उनले बताए । 'धेरै प्रभाव करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेको नियमले पारेको जस्तो लाग्छ । तर, युवा ब्यवसायी विदेशिने क्रम बढेकाले नवीकरण गर्न छोड्नेहरु पनि छन्' सचिव कार्कीले भने ।

# 'नशामा गाडी चलाउने'लाई मुद्दा चलाउँदै मकवानपुर प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूपदार्थ सेवन (लापसे) गरी नशामा सवारीसाधन चलाउनेलाई मुद्दा चलाउने भएको छ ।

मकवानपुर प्रहरीले एकहप्तामा चारजना सवारी चालकलाई लागूऔषध ऐन-२०३३ अनुसार जिल्ला अदालत मकवानपुरमा कारबाहीका लागि मुद्दा दायर गरेको छ । प्रहरीले लागूपदार्थ सेवन (लापसे) गरी सवारी चलाउने चालकलाई धमाधम मुद्दा चलाउन थालेको हो । जिल्ला प्रहरी र ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जिल्ला जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी विभिन्न राजमार्गमा लापसेको परीक्षण गर्ने गरेको छ ।

पछिल्लो पटक हेटौंडा-भैंसे सडक खण्डको भीमफेदी गाउँपालिका-१ बाघझोरामा आइतबार छड्के जाँचका लागि बसेको प्रहरी टोलीले दुईजना चालकलाई नियन्त्रणमा लिएको थियो । हेटौंडा-काठमाडौं आवतजावत गर्ने सवारी साधनका ५२ जना चालकलाई लागूपदार्थ सेवन र मादकपदार्थ सेवन जाँच गरिएकोमा सर्लाहीबाट काठमाडौं जाँदै गरेको ना १ ज ४६१९ नम्बरको सुमोचालक सर्लाही, बरहथवा नगरपालिका-८ बस्ने ३२ वर्षीय फेमस खड्का र हेटौंडा आउँदै गरेको ना १ ज ७०२८ नम्बरको सुमोचालक हेटौंडा-८ बस्ने ३६ वर्षीय सुजन गुरुङले मादकपदार्थ सेवन गरेको भेटिएपछि पक्राउ गरिएको थियो ।

लापसे परीक्षणका क्रममा प्रमाणित भएका चालकलाई कारबाही प्रक्रिया अगाडि बढाइएको मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । 'मानिसको ज्यानभन्दा ठूलो कुरो केही छैन । हामीले जनस्वास्थ्य कार्यालयसँग किटको सहयोग मागेर फरक-फरक रुटमा लापासे परीक्षण गर्दै आइरहेका छौं,' डिएसपी अर्यालले भने । अर्यालले जिल्लामै पहिलोपटक लापसे गरी सवारी चलाउनेलाई मुद्दा चलाइएको बताए । विशेष गरी यात्रुवाहक सवारी चालकले नसालुपदार्थ सेवन गरी सवारी चलाएको चौतर्फी गुनासो बढेसँगै मकवानपुर प्रहरी र ट्राफिकले सक्रियता बढाएका हुन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख निरीक्षक केशव अधिकारीका अनुसार संघीय राजधानी प्रवेश गर्ने धेरै बाटो मकवानपुर जिल्लामा पर्नेहुँदा दुर्घटना न्यूनीकरण गर्न दैनिकजसो अभियान सञ्चालन गरिरहेको बताए । मकवानपुरबाट पूर्व-पश्चिम राजमार्ग, त्रिभुवन राजपथ, कान्ति लोकपथ, धरान-चतरा, कुलेखानी-सिस्नेरी, कुलेखानी-फाखेल, कुलेखानी-मातातीर्थ र चित्लाङ-चन्द्रागिरी सडक खण्ड भएर संघीय राजधानी काठमाडौं प्रवेश गर्न सकिन्छ । यस रुटमा सवारी दुर्घटना बढी हुने गरेका छन् । जसका कारण प्रहरी-ट्राफिकले दुर्घटना न्यूनीकरण गर्न विभिन्न सचेतना कार्यक्रम गर्दै आइरहेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३






साझाकुरा

## हाम्रो कुरा

# कृषि थोकबजारमा मन्त्रालय ?

हेटौंडा-११ थानाभञ्याङस्थित राप्ती पुलनजिकै निर्माण गरिएको प्रादेशिक कृषि थोकबजारको प्रशासनिक भवनमा बागमती प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालय बसेपछि उपमहानगरपालिकाले तीब्र असन्तुष्टि जनाएको छ । भवन निर्माण सम्पन्न भइसकेको पनि छैन । ९० प्रतिशत काम सकिन नपाउँदै मन्त्रालयले कब्जा जमाएपछि उपमहानगरको ध्यानाकर्षण भएको हो । हस्तान्तरणको चरणमा रहेको बेला उपमहानगरले मन्त्रालय बसेको भन्दै ध्यानाकर्षण भएको जनाएको छ । हेटौंडा उपमहानगरको गत आर्थिक वर्ष २०८०/८१ को र चालू आव २०८१/८२ को समीक्षा कार्यक्रममा तरकारी बेच्न बनाइएको भवनमा 'जर्वजस्ती' मन्त्रालय गएर बसेको विषयमा ध्यानाकर्षण भएको निर्णय गरेको छ । कृषिजन्य वस्तुको बिक्रीवितरण प्रयोजनका लागि निर्माण गरिएको संरचनामा सहमतिबिना नै एक्कासी मन्त्रालय राख्नु राम्रो काम नभएको बताइएको छ । सबैक्षेत्रबाट पेलिँदै आएका कृषक यहाँ पनि पेलिएका छन् । उपमहानगरका प्रवक्ता सविन न्यौपानेले किसानको उत्पादन बिक्रीवितरण गर्ने ठाउँमा मन्त्रालय बस्ने कुरा स्वीकार्य हुन नसक्ने बताए । किसानको भलोको लागि राज्यले करोडौं खर्चिएर बनाएको भवन हो । त्यहाँबाट किसानको उत्पादन बिक्रीवितरण मात्रै हुन्छ ।

अनुमति नलिई जर्वजस्ती मन्त्रालय बस्ने कुरा प्रदेश सरकारको हकमा सुहाउँदो भएन । उपमहानगरले नै प्रदेश सरकारको मन्त्रालय बनाउन जग्गा दिएकाले त्यहाँ भवन बनाएर बस्न पनि सुझाए । किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको एकीकृत बजारका लागि निर्माण गरिएको भवनमा बागमती प्रदेशको मन्त्रालय बसेको हो । गत २७ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले पर्यटन र सामाजिक विकास मन्त्रालय फुटाएर सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरेको थियो । विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठका लागि यो मन्त्रालय बनाइएको थियो । यसअघि मुख्यमन्त्री कार्यालय परिसरभित्रकै जिल्ला विकास समितिको पुरानो भवनमा सहकारी मन्त्रालय बस्ने तयारीमा थियो । त्यो भवनमा उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालय पहिल्यै थियो । कृषि मन्त्रालयका सचिव विनोद भट्टराईले सहकारी मन्त्रालयलाई कृषि थोकबजारको भवन प्रयोग गर्न अनुमति नदिएको बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले थोकबजारमा सहकारी मन्त्रालय बस्ने भएकाले समन्वय गर्न कृषि तथा पशुपन्त्री विकास मन्त्रालयलाई पत्राचार गरेको थियो । ३० करोड ८७ लाख ६३ हजार रुपैयाँमा ठेक्का पाएको अनक/माउण्टेन जेभी काठमाडौंले थोकबजार निर्माण सकेर कृषि निर्देशनालयलाई हस्तान्तरण पनि गरेको छैन । निर्देशनालयले बजार सञ्चालन र व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई भवन हस्तान्तरण गर्नुपर्नेछ । प्रादेशिक कृषि थोकबजार निर्माण सकिएर हस्तान्तरणको अन्तिम चरणमा रहेको निर्देशनालयका अधिकृत दाहालले बताए । थोकबजार सञ्चालन निर्देशिकाको मस्यौदा तयार भएर स्वीकृतिको चरणमा रहेको छ । प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाबीच यसअघि नै थोकबजार निर्माणको सम्झौता भएर सञ्चालनको जिम्मा नगरले लिने सहमति भएको थियो ।

प्रदेश सरकारले ७०/३० को लगानी मोडलअनुसार दुई बिघा ४ धुर क्षेत्रफलमा तीनवर्ष लगाएर थोकबजार निर्माण गर्ने लक्ष्यसहित १४ भदौ २०७७ मा हेटौंडा उपमहानगरपालिकासँग सम्झौता गरेको हो । सम्झौताको एक वर्षपछि थोकबजार निर्माण थालिएको थियो । निर्माण कम्पनीलाई २६ करोड ५५ लाख ३५ हजार ९ सय ९६ रुपैयाँ गत असारमै भुक्तानी भएर थप रकम भुक्तानी हुँन बाँकी रहेको निर्देशनालयले जनाएको छ । सडक कालोपत्रे र अन्य सामान्य काम मात्रै गर्न बाँकी रहेको निर्देशनालयका सबइन्जिनियर मोदनाथ तिम्सिनाले जानकारी दिए । प्राविधिक मूल्यांकनमा सडक कालोपत्रे नभएकाले निर्देशनालयले सडक निर्माणका लागि काम गर्दैछ । थोकबजार निर्माणका लागि हेटौंडा उपमहानगरले तत्कालीन समयमा थानाभञ्याङस्थित राप्तीपुल नजिकैको जग्गामा रहेका ५८ वटा घर/टहरा हटाएको थियो । थोकबजारमा होलसेल मार्केट, रिटेल (खुद्रा) मार्केट, किसानको टहरा, प्रशासनिक तथा क्यान्टिन, कोल्ड स्टोरेज लगायतका संरचना हुने सबइन्जिनियर तिम्सिनाले बताए । बजारको होलसेल मार्केटमा ४० वटा सटर र रिटेल मार्केटमा २३ वटा सटर रहेको छ । भवनमा अण्डरग्राउण्ड पार्किङको पनि सुविधा छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २५ गते बिहीबार ९ जनवरी २०२५ । दशमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक खर्च बढ्ने | तुला | : पढाइमा प्रगति हुने |
| वृष | : भोजको अवसर मिल्ने | वृश्चिक | : विश्वासमा संकट आउने |
| मिथुन | : स्वास्थ्य बिग्रन सक्ने | धनु | : निर्माण कार्यमा प्रगति |
| कर्कट | : रमाइलोगरि समय बित्ने | मकर | : सामाजिक काममा सफलता |
| सिंह | : राजनीतिमा प्रगति हुने | कुम्भ | : सन्तानबाट खुशी मिल्ने |
| कन्या | : शारीरिक परिश्रम गर्नुपर्ने | मीन | : व्यापारमा केही हानि हुने |

# विश्वविद्यालयले पढाउनुपर्ने चाहिं के हो ?



डा. सन्जिब हुमागाई

**विश्वविद्यालयको पढाइ त्यतिखेर पूर्ण हुन्छ जब एउटा युवासँग सम्बन्धित क्षेत्रको ज्ञान र उसले नेतृत्व गर्ने सामाजिक जीवनमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने क्षमता राख्दछ। के एउटा क्षेत्रको मात्र ज्ञान भएको युवाले अहिले जस्तो बहुआयामिक समाजका समस्या समाधान गर्न सक्दछ? सक्दैन।**

हाम्रो दोषी चस्माले सिंगापुरको विकासमा ली क्वान युलाई झल्झली देखिरहँदा त्यहाँको विकासको मेरुदण्डको रूपमा रहेको सिंगापुर राष्ट्रिय विश्वविद्यालयलाई नजरअन्दाज गर्दछ । कोरिया सन् १९५०-६० सम्म हामीभन्दा पनि गरिब थियो, पार्क जुङ हीले कस्तो चमत्कार गरे भनेर उनका परिवारका सदस्यले भन्दा पनि धेरै उनको व्यक्तिगत प्रशंसा गरिरहेको भेटिन्छौं । कसरी छोटो अवधिमा त्यहाँका धेरै विश्वविद्यालय संसारको उत्कृष्ट विश्वविद्यालयहरूमा सूचीकृत हुन सके र उनीहरूको आर्थिक एवं राजनीतिक आधुनिकीकरणमा कस्तो भूमिका रह्यो हाम्रो चासोको विषय बन्दैन ।

विश्वविद्यालय र राज्यको आर्थिक, सामाजिक र राजनीतिक आधुनिकीकरणमा नङ र मासुको जस्तै सम्बन्ध हुन्छ । राज्यले उच्च शिक्षाको व्यवस्थापन मार्फत आफूलाई आवश्यक जनशक्ति उत्पादन गर्दछ । विश्वविद्यालयहरू राज्यका लागि आवश्यक जनशक्ति उत्पादनको 'कारखाना' हुन् । आर्थिक आधुनिकीकरणमा सफलता प्राप्त गरेका वा गरिरहेका देशका विश्वविद्यालयका कक्षा कोठा र आँगनहरू गतिशील, चलायमान हुन्छन् । ऊर्जाले भरिएका हुन्छन् । विश्वविद्यालयभित्रको ऊर्जा समाजसम्म सम्प्रेषण हुन्छ । विश्वविद्यालयका विद्यार्थीको आँखामा संसार हाँक्ने आत्मविश्वास हुन्छ । खासमा, देश कसरी चलिरहेको छ हेर्न विश्वविद्यालयहरूका आँगन हेरे पुग्छ ।

जरुर, आधुनिक युगमा ज्ञान उत्पादन र सम्प्रेषण दुवैमा विश्वविद्यालयको उत्तिकै भूमिका हुन्छ । त्यस्ता दुई लक्ष्यहरू प्राप्ति गर्न नितान्त फरक रणनीतिहरू आवश्यक हुन्छन् । जान-अन्जान हामीले यसलाई नछुट्याई संवाद गरिरहेका हुन्छौं । यहाँ दोस्रो विषयमा छलफल गर्न खोजिएको छ । यो वर्तमान नेपालको लागि सबैभन्दा महत्वपूर्ण पक्ष पनि हो ।

**अपूर्ण र जबरजस्त पूजीवादी भाष्यहरू**

विश्वविद्यालयमा हुने पढाइको विषय दुई अपूर्ण र डरलाग्दा भाष्यको बीचमा फसेको छ । पहिलो, नेपालका विश्वविद्यालयहरूलाई तत्काल नर्वे, डेनमार्क जस्ता देशहरूमा रहेका विश्वविद्यालय बनाउने सपनाका बहसहरू छन् । कहाँ अब पढाउने हो? त्यो युगको अन्त्य भई सक्यो । अब त सिकाउनुपर्दछ । विद्यार्थीलाई अनुसन्धान गराउनुपर्दछ । लामो समयदेखि यस्तै कर्ण प्रिय, सुन्दर र आदर्शवादी तर तत्कालका लागि अव्यावहारिक बहसहरूमा अड्किएको छ हाम्रो उच्च शिक्षा सुधारको बहस ।

हो जानुपर्ने त्यहीं हो । यसमा द्विविधा नै भएन । तर कहिले र कसरी भन्ने बहस पनि सँगसँगै गर्नु आवश्यक हुन्छ । साथै, त्यो हाम्रो तत्कालको आवश्यकता हो कि होइनको विषयमा पनि निर्मम समीक्षा आवश्यक छ ।

पहिलो, संसारका प्राय: सबै विश्वविद्यालयमा स्नातक तहमा पढाउने विषयले सधै उच्च प्राथमिकता पाउँछ । हार्वर्ड विश्वविद्यालयले युट्युबमा राखेको प्रोफेसरको माइकल स्याण्डलको 'न्याय: के गर्नु असल हुन्छ?' भन्ने एउटा कक्षा मात्रै हेऱ्यो भने पनि विश्वविद्यालयमा पढाउने विषय अझै कत्ति महत्वपूर्ण रहेको छ प्रष्ट हुन्छ ।

दोस्रो, स्नातक तहका पहिलो र दोस्रो वर्षमा लेक्चर विधिबाट कक्षा सञ्चालन गर्ने पद्धति आम प्रचलनमा छ ।

तेस्रो, अलि धेरै प्रयोगात्मक विधि अवलम्बन गरिने विश्वविद्यालयमा प्रवेश गर्ने विद्यार्थीले स्कूल जीवनमा नै धेरै पुस्तकहरू पढिसकेका हुन्छन् । सम्बन्धित क्षेत्र, भाषा र प्रविधिको बारेमा ज्ञान राखेका हुन्छन् । हाम्रा विद्यार्थीहरू कस्ता छन्? फेरि त्यस्ता अभ्यास गर्न कस्तो पूर्वाधार र जनशक्ति आवश्यक हुन्छन्? त्यसलाई हामीले कहिले र कसरी पुरा गर्दैछौं?

चौथो, उच्च शिक्षा प्राप्ति पश्चात् जागिर प्राप्त गर्ने विधिले शिक्षण विधिलाई निर्धारण गर्दछ । हाम्रोमा के छ र त्यसको लागि कस्तो तयारी गर्नुपर्दछ ?

पाँचौं, हामी सबैले अनुसन्धान गर्ने विश्वविद्यालयको रूपमा परिचित सिंगापुर राष्ट्रिय विश्वविद्यालय पनि २०औं शताब्दीमा शिक्षा केन्द्रित विश्वविद्यालय थियो भन्ने तथ्यलाई पनि बिर्सनुहुँदैन । कक्षा कोठामा कसरी कक्षा सञ्चालन गर्ने भन्ने विषय देशको अवस्था र आवश्यकताले निर्धारण गर्दछ । क्रमिक सुधारको बाटोमा हिंड्नुपर्दछ ।

अब अर्को डरलाग्दो भाष्यको चर्चा गरौं । केही समय अगाडिदेखि विश्वविद्यालयका कक्षा कोठाभित्र अध्ययन, अध्यापन हुने विषयहरू र बजारमा आवश्यक सीप बीच ठूलो खाडल छ भन्ने भाष्यले जरा गाड्दै गएको छ । सुन्दा अत्यन्तै व्यावहारिक लाग्ने यो तर्कलाई आलोचनात्मक हेर्नु आवश्यक छ ।

सबैभन्दा पहिला हामी यो विषयमा प्रष्ट हुनु आवश्यक छ कि यो चरम पूँजीवादी भाष्य हो । विश्वविद्यालयले नै कम्पनीमा काम गर्ने जनशक्ति उत्पादन गर्नु पऱ्यो भनेको कम्पनीहरू कुनै नयाँ जनशक्तिलाई अनुबन्धित गराइसकेपछि उसलाई तालिम दिनु नपर्ने शैक्षिक एवं आर्थिक संरचना निर्माण गरौं भन्ने हो । यसबाट कसलाई फाइदा हुन्छ ? यस्तो भाष्य कसले निर्माण गर्दछ ?

दोस्रो र सबैभन्दा महत्वपूर्ण विषय विश्वविद्यालय तहको शिक्षा प्राप्त गरेको एउटा युवासँग सामान्य सीप मात्रै होइन सिङ्गो जीवन जिउन आवश्यक सक्षमताहरू आवश्यक हुन्छन् । हामीलाई सीपयुक्त असल नागरिकहरू आवश्यक छन् । विश्वविद्यालयले त्यसमा सन्तुलित ध्यान दिनुपर्दछ । नागरिकलाई सीपयुक्त बनाउने काम उद्योग र व्यवसायको पनि हो ।

तेस्रो, यो बहस आफैंमा अहिलेको युगको विकासक्रम विपरीत पनि छ । सूचनाप्रविधिको अपत्यारिलो विकासका कारण हरेक दिन समाज र कार्यक्षेत्रमा आवश्यक सीपको प्रकृति फेरिँदैछ । कक्षा कोठामा सिकेको ज्ञान र सीपलाई जीवनभर प्रयोग गर्ने युग अन्त्य भइसकेको छ । हरेक दिन, हरेक समय नयाँ सीप र विधि सिक्ने व्यक्ति मात्रै टिक्ने युगको सुरु भएको छ । संसारले यो विषयमा छलफल सुरु गरेको दुई दशक भन्दा धेरै भइसक्यो ।

सन् २००९ मा अमेरिकाको ड्राटमाउथ कलेजको पहिलो एसियाली मूलका प्रेसिडेन्ट नियुक्त भएका किम योङले आफ्नो पहिलो मन्तव्यमा भनेका थिए- अबका युवा कपास जस्तै हुनुपर्दछ जोसँग सूचनाप्रविधिको विकासका कारण र अन्य कारणले आउने परिवर्तनमा सजिलै अभ्यस्त हुनसक्ने, समायोजन हुनसक्ने क्षमता अपरिहार्य हुन्छ । अब भन्नुहोस् विश्वविद्यालयमा के पढाउनुपर्दछ ?

**पढाइका दुई फरक तर सम्बन्धित मुद्दा**

विश्वविद्यालयमा हुने पढाइ सुधारका बहसका दुई पाटाहरू छन् । पहिलो, अध्ययन, अध्यापन हुने विषय नै धेरै कम छन् । विश्वको अहिलेको ध्यान तथ्यांक, एआई, बिग डेटालाई प्रयोग गरेर अर्थ सामाजिक समस्या कसरी समाधान गर्न सकिन्छ भन्नेमा छ र सो सम्बन्धी स्नातक तहमा विविध कार्यक्रमहरू विकसित भएका छन् । जस्तै नेपालमा शिक्षा कार्यक्रम अन्तर्गतमा अहिले पनि धेरै विद्यार्थी अध्ययनरत छन् ।

सूचनाप्रविधिको विकास र कोरोनाले सिकाएको पाठमा आधारित भएर शिक्षा क्षेत्रमा संसारभर अहिले "शिक्षा इन्जिनियरिङ" सबैभन्दा लोकप्रिय शैक्षिक कार्यक्रम हो । हाम्रोमा यसको पठन-पाठनको अझै कुनै संकेत छैन । व्यवस्थापन नेपाली विद्यार्थीको अर्को प्रमुख रोजाइको विषय हो । यो क्षेत्रमा विकसित देशका विश्वविद्यालयहरूमा व्यवस्थापन तथ्यांक, स्वास्थ्य व्यवस्थापन, ग्लोबल व्यापार व्यवस्थापन जस्ता देशको भविष्यसँग जोडिएका धेरै विभाग र कार्यक्रम सञ्चालन हुन्छन् । एकै संकायबाट दीक्षित विद्यार्थीले पनि आफ्नो रोजाइ अनुसारको विज्ञता हासिल गरेका हुन्छन् ।

हाम्रो पढाइमा सुधार हुनुपर्ने पहिलो विषय यही हो । विश्वविद्यालयहरूले संकाय र विभाग जस्ता पुरातनवादी पर्खालहरूलाई भत्काएर, अन्तर विभाग र संकाय कार्यक्रमहरू विकसित गर्नुपर्दछ । शिक्षा मन्त्रालय र विद्यालय अनुदान आयोगले त्यस्ता कार्यक्रम प्रोत्साहन गर्न कत्ति पनि कन्जुस्याइँ गर्नुहुँदैन । यो राष्ट्रिय स्वाधीनतासँग जोडिएको विषय हो । राज्यका प्रत्येक क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन समुन्नत नेपाल निर्माणको पहिलो खुड्किलो हो । थोरै क्रेडिट कोर्ष लिएर पनि सम्बन्धित क्षेत्रमा दक्षता प्राप्त गर्न सक्ने धेरै पाठ्यक्रमहरू विकास गर्नुपर्दछ । विद्यार्थीलाई धेरैभन्दा धेरै उप-डिग्रीको विकल्प खुला गर्नुपर्दछ । जब हाम्रो ध्यान त्यहाँ जान्छ, विश्वविद्यालयले पढाउने धेरै क्षेत्र र विषयहरू पहिचान हुन्छन् ।

दोस्रो र कत्ति पनि ढिलाइ नगरी विश्वविद्यालयहरूमा जीवन र जगत पढाउनुपर्दछ । विद्यार्थीलाई समस्या पहिचान गर्ने र समाधानको नेतृत्व गर्न सक्ने बनाउनु छ । एकातर्फ हाम्रो समाज नैराश्यताले भरिएको छ भने अर्कोतर्फ सूचनाप्रविधिको विकास र हाम्रो सामाजिक रूपान्तरणका कारण समाज र अर्थतन्त्रमा नयाँ खाले समस्याहरू देखा पर्न थालेका छन् । त्यसलाई चिरफार गर्न र सकारात्मक बाटोमा विकसित गर्न जीवन र जगतको बारेमा छुट्टै पाठ्यक्रम, पाठ्यसामग्री र पढाउन सक्ने जनशक्ति विकास गर्न कत्ति पनि ढिलाइ गर्नुहुँदैन ।

यस्ता विषयलाई अमेरिका, चीन लगायत देशमा लिबरल आट्स् भन्ने गरिन्छ । त्यहाँका विश्वविद्यालयमा कुनै पनि शैक्षिक कार्यक्रममा अध्ययन गर्ने विद्यार्थीले अनिवार्य रूपमा लिबरल आर्ट्सका कक्षाहरू पढ्नुपर्दछ । अमेरिकामा यो व्यवस्था आधा शताब्दी अगाडिदेखि अभ्यासमा छ । विश्वविद्यालय भित्र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने छुट्टै संकाय वा निकाय हुन्छ । त्यसले राष्ट्रिय आवश्यकता अनुसारका कोर्ष विकसित र कक्षा सञ्चालन गर्दछ । हरेक संकायका विद्यार्थी आफूले पढ्न चाहेको विषय दर्ता गरेर अध्ययन गर्दछन् ।

जस्तै कोरियाको यांसे विश्वविद्यालयले आफ्ना विद्यार्थीलाई संस्कृति र कला, मानव र इतिहास, भाषा र अभिव्यक्ति, मूल्य र नैतिकता, राज्य र समाज, स्थानीय र विश्व, तर्क र गणित, पर्यावरण र पृथ्वी, जीवन र वातावरण, सूचना र प्रविधि, खेल र स्वास्थ्य अन्तर्गत हरेकमा झन्डै ३०-३० विषय गरी ३०० भन्दा धेरै विषय उपलब्ध गराउँछ । सो विश्वविद्यालयमा भर्ना भएका सबै विद्यार्थीले त्यस्ता विषयहरूमध्ये १० भन्दा धेरै विषय पढ्नुपर्ने हुन्छ । कोरियन, अमेरिकन, चाइनिज सबैले पढ्नुपर्ने अनि नेपाली युवाले यस्ता विषय पढ्नुपर्दैन?

विश्वविद्यालयको पढाइ त्यतिखेर पूर्ण हुन्छ जब एउटा युवासँग सम्बन्धित क्षेत्रको ज्ञान र उसले नेतृत्व गर्ने सामाजिक जीवनमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने क्षमता राख्दछ । के एउटा क्षेत्रको मात्र ज्ञान भएको युवाले अहिले जस्तो बहुआयामिक समाजका समस्या समाधान गर्न सक्दछ? सक्दैन । त्यसको लागि पढाइ पनि बहुआयामिक हुनुपर्दछ । यो विषयमा हामीले सही बाटो पहिल्याउन सक्दा मात्रै हाम्रो उच्च शिक्षा साँचो अर्थको सुधारको बाटोमा लम्कन सक्दछ ।

तेस्रो, विश्वविद्यालयले हाम्रा युवाहरूलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्न आवश्यक भाषा र प्रविधि पढाउनुपर्दछ । नेपाललाई अहिले पर्यटन, अन्तर्राष्ट्रिय व्यापार साथै धेरै क्षेत्रमा काम गर्ने युवाहरूको आवश्यक छ । जानअन्जान हामीले ठूला उद्योग खोलेर, ठूलो मात्रामा सामान उत्पादन गर्ने र त्यसलाई केन्द्रबिन्दुमा राखेर आर्थिक विकास गर्ने एसियाका अन्य देशहरूले अभ्यास गरेको मोडेललाई आत्मसात् नगर्ने निर्णय गरिसकेका छौं । हामीले विशेष दक्षता हासिल गर्नुपर्ने, सफलता गर्नुपर्ने 'सेवा' क्षेत्र नै हो । सेवा क्षेत्रलाई नेतृत्व गर्न सक्ने जनशक्तिसँग अन्तर्राष्ट्रिय स्तरको सक्षमता आवश्यक हुन्छ र हामीले पढाउने पनि त्यही हो ।

हामीलाई राष्ट्रिय सहमति आवश्यक छ कहिले र के-के पढाउने भन्ने बारेमा । मध्यम र दीर्घकालीन योजना निर्माण गर्नुपूर्व देशका प्राय: सबै विश्वविद्यालयका कुलपति एवं सहकुलपति रहनुभएका सम्माननीय प्रधानमन्त्री र माननीय शिक्षा मन्त्रीले पढ्ने अवसर नै खोसिएका हाम्रा विश्वविद्यालयका तेस्रो, चौथो र पाँचौं वर्षका विद्यार्थीको अधिकार सुनिश्चितताको लागि विशेष प्याकेज घोषणा गरेर विद्यार्थी केन्द्रित उच्च शिक्षाको सुधारको नयाँ अध्याय सुरु गर्नु हुनेछ भन्नेमा म विश्वस्त छु । हामी सबै प्रष्ट हुनुपर्दछ, सिकाउन र सिक्न सक्ने बनाउन पनि पढाउनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# सहयोगी मनहरुको सत्प्रयासमा प्रशंसनीय काम

मेदिनी शर्मा "चुदेली"

२००७ सालको परिवर्तनपछि पनि कागलाई बेल पाक्यो हर्ष न बिस्मात् भनेझैं कुनै परिवर्तन आउन सकेन । जनता सुसुप्त अवस्थामा नै रहिरहे । चेतनात्मक विकासको मेरुदण्ड मानिने शिक्षाको उज्यालो प्रकाश पनि उपलब्ध हुन सकेन । गाउँघरमा आधारभूत आवश्यकता परिपूर्ति गर्न भाषा पाठशालातक थिएनन् । तत्कालीनका हामी किशोरहरु गोठालो भएरै हिँडिरहेका थियौं । आफ्ना सन्ततिको उज्ज्वल भविष्यका चिन्तक हाम्रा गन्यमान्य अभिभावकज्यूहरुको सुझबुझले चुँदी क्षेत्रका विद्वान् पण्डित टीकानिधि खनालज्यूसँग अनौपचारिक शिक्षा लिने सौभाग्य जुऱ्यो । उहाँसँग संस्कृत व्याकरण, रघुवंश, हितोपदेशजस्ता साहित्य सम्बन्धी पुस्तक पढेर परीक्षामा सामेल हुन राजधानी काठमाडौंतिर लाग्यौं ।

राजधानीमा पुगेर परीक्षा दियौं र समुत्तीर्ण पनि भयौं । अंग्रेजी कक्षामा समायोजन हुँदा कक्षा ८ को मान्यता थियो । आर्थिक संकटापन अवस्था थियो तापनि शिक्षा पिपासा भएका हामी तत्कालीन केही किशोरहरु उच्च शिक्षाद्वार मानिने संस्कृत पूर्वमध्यमा पढ्न थाल्यौं । त्यो थियो अंग्रेजीको १० कक्षासरहको मान्यता प्राप्त । अध्ययनकै क्रममा रानीपोखरी छात्रावासमा ब्राह्मणपुत्रहरुलाई भर्ना लिइने त्यो आवासमा आवेदनको आह्वान भयो । रिक्त विद्यार्थीको स्थानमा आवेदन दियौं । परीक्षा लिइने रहेछ, परीक्षा दियौं र चन्द्रमा दाहिने भएछन्, उत्तीर्ण पनि भयौं । पढुन्जेलसम्मको लागि आर्थिक संकटापन्न अवस्थाबाट मुक्त पनि भयौं । उच्च शिक्षा लिने चाहना निर्विकल्प पूरा हुने भई नै हाल्यो । त्यो रहेछ आफ्ना भाइबन्धु हत्या प्रायश्चित्तका लागि वीर शमशेरबाट स्थापित र सञ्चालित ।

पढ्नु केवल पुस्तकीय ज्ञान मात्र नभई आफू उभिएको धरातल त्यस ठाउँ, समाजको अध्ययन गर्नु पनि हो । पढ्ने सन्दर्भमा तत्कालीन समयमा हामी किशोरको मन-मस्तिष्कमा दु:ख पाएको कुराले डेरा जमाएको थियो । मानिसको रित्तो मनमा वर्षाको बाढी आएझैं हाम्रो मन-मष्तिकमा विविध विचारका बाढीहरु आउन थाले । बुद्धि र विवेकपूर्ण तरिकाले नियन्त्रण गरी विद्यालयको आवश्यकता देख्यौं । त्यसै सन्दर्भमा तनहुँ चुदी क्षेत्रका विविध पेसा र व्यवसायमा कार्यरत पाका, अनुभवी, प्रौढ व्यक्तित्वहरुसँग समागम हुन थाल्यो । अध्ययन गर्ने क्रममा अनेकौं हण्डर र ठक्कर खाएका अनुभवहरु नजर वरिपरि घुमिरहेका हामीहरुमा उहाँहरुसँगको समागमले जोश-जाँगर भरिन थाल्यो, हौसलाको संवर्द्धन हुन थाल्यो ।

उता तनहुँ चुदी क्षेत्रका प्रौढ व्यक्तित्वहरुबाट पनि चुदी क्षेत्रमा उच्च द्वार मानिने शिक्षा दिन सक्ने खालको एक विद्यालयको स्थापना आवश्यकता भएको कुरा जानकारी पायौं । पाको अनुभव, प्रौढ व्यक्तित्वको विचार र जोश-जाँगर भरिएका तत्कालीन हामी युवाहरुको विचारमा तादात्म्यता आएकाले हामी एक-अर्कामा एकाकार भयौं । समय-समयमा समागमको वातावरण सिर्जियो । विद्यालय स्थापनाको निश्चित टुंगो लागिहाल्यो । परिणामत: बाइसे चौबीसे सेन वंशीय रजस्थल पूर्वोत्तर स्थानीमाईको काखमा चिरकट्टाको पाखामा तत्कालीन १२ गाउँपञ्चायतको बृहत्तर जनभेला भयो । त्यही बृहत्तर भेलाले २०२१ साल पौष ६ गते करतल ध्वनिका साथ चन्द्रावती नामाकरणलाई स्वीकार गरी सञ्चालन गर्ने निर्णय लिइयो । यो त्यतिखेर जिल्लाको दोस्रो विद्यालयको मूर्तरुप थियो । यो हाम्रो सत्प्रयासको सफलता पनि थियो ।

यस विद्यालयले धेरै आरोह-अवरोह पार गरेर वार्षिकोत्सव मनाउने सन्दर्भमा ६१ औं वार्षिकोत्सवमा समावेश हुन पाउँदा खुशी लाग्नु स्वाभाविक नै भयो । यो विद्यालयले २०८० सम्म नेपाल सरकार शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालयले लिने प्रवेशिका परीक्षामा ५७ विद्यार्थी समूह समावेश गराइसकेको छ । यसै अन्तर्गतको २३ औं वर्षीय समूह (२०४५) ले प्रविधिमैत्री शैक्षिक सामग्री, अक्षय कोष स्थापना, आफ्ना तत्कालीन अध्यापन गराउने गुरुहरुलाई सम्मान गर्ने कार्यक्रम अघि सारेकोमा खुशी लाग्यो । त्यो कार्य त्यति सहज थिएन तापनि आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक पूरा गरी केही विद्यार्थीहरुको भौतिक उपास्थितिमा असमर्थता भएता पनि भावनात्मक एकता भने प्रस्ट झल्किन्थ्यो ।

पूर्व विद्यार्थी समाज २०४५ को समूहले विद्यार्थी प्रविधिमैत्रीका रुपमा स्तरोन्नतिका लागि एक प्रोजेक्टर, जुनियर रेडक्रसबाट सञ्चालित हुने प्राथमिक उपचारका लागि अक्षयकोषको स्थापनार्थ रु. २ लाखको चेक हस्तान्तरण गर्न सफल हुन पुग्यो । संस्थापक सदस्य तथा पूर्वअध्यक्ष त्यति मात्र नभई तत्कालीन समयमा अध्यापन गराउने आफ्ना गुरुहरुलाई दोसल्ला, शिरपोश, एक लेखनी, एक नोट बुक, सम्मानपत्रसमेत प्रदान गरी गुरुहरुप्रति भक्तिभाव प्रदर्शन गरेर आफ्नो संस्कार संस्कृति बचाउन ठूलो टेवा पुऱ्याउने कार्य पनि अविस्मरणीय रह्यो । यसरी पूर्वविद्यार्थी समाजको शैक्षिक स्तरोन्नयनका लागि समर्पणभाव कार्यरत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापकको सम्मान, अध्ययनरत विद्यार्थीहरुप्रति स्नेह-सद्भाव प्रदर्शन गरी आत्मीयताको कसिलो गाँठो कसेर गाउँ, समाज मात्र नभई जिल्ला स्तरमै अनुपम उदाहरण प्रस्तुत गरी अनुकरणीय अमिट छाप छाड्न सफल भएकोमा यस पुनीत कार्यमा संलग्न पूर्वविद्यार्थी २०४५ समूहलाई मुरी साधुवाद । आइन्दा दिनहरुमा पनि यस्तै पुनीत कार्यहरु गर्ने प्रेरणा मिल्दै जाओस् । सबै विद्यार्थीहरुमा शुभकल्याण ।

विद्यालयमा अध्ययनरत विद्यार्थीको संकटापन्न अवस्थामा सहयोग पुऱ्याउने उद्देश्यले छात्रवृत्ति अक्षय कोषको स्थापना गर्ने पूर्वविद्यार्थी डा. शेखर पण्डित, पूर्वशिक्षक अरुण खनाल, सामाजिक व्यक्तित्व गणेश मल्ल, विद्यालय संस्थापक-पुत्र डा. प्रशान्त ढकाललगायत अन्य जो जसले अक्षयकोष राखी सेवा पुऱ्याउनुभएको छ, उहाँहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै सबै सहयोगी मनहरुप्रति शुभकल्याणको कामना !

विद्यालयमा पठनपाठन तथा विद्यार्थीहरुको चरित्र निर्माणमा राम्रो ध्यान पुऱ्याई स्तरीय शिक्षा दिएर जिल्लाकै नमुना बनाउन कम्मर कसेर लाग्नुहुन शिक्षक, विद्यार्थी तथा अभिभावकज्यूहरुमा हार्दिक अनुरोधका साथ विद्यालयको उन्नति-प्रगति हुँदै जाओस् । सबैमा जोश, जाँगरको संवर्द्धन हुँदै जाओस् भन्ने अपेक्षाकृत आशाका साथ शुभकामना !

*(साभार: न्यूज अफ नेपाल)*

अन्तरवार्ता

# ‘मेरो योजनालाई कार्यान्वयन गर्ने मौका दिनुहोस्’

मकवानपुर उद्योग वाणिज्य संघको यही पुस २७ गते हुन लागेको निर्वाचनलाई लक्षित गर्दै, संघको नेतृत्व लिने तयारीमा रहेका अध्यक्षका उमेदवार **प्रमोदसिंह रानाभाट**सँग *साझाकुरा दैनिक*का लागि गरिएको कुराकानीको सम्पादित अंश ।

***सम्बाददाता :*** संघको नेतृत्वको दौडमा तपाईंको उम्मेदवारी धेरैका लागि चासोको विषय भएको छ । तपाईंको दृष्टिकोण, योजना र अनुभवबारे कुरा गरौं । तपाईंको उम्मेदवारीको प्रमुख उद्देश्य के हो र संघलाई तपाईं कसरी बदल्न चाहनुहुन्छ ?

***रानाभाट:*** मकवानपुर उद्योग वाणिज्य संघ केवल एउटा ब्यवसायिक संस्था मात्र नभएर यस क्षेत्रका समाज र व्यवसायीको आवाज हो । मेरो उमेद्वारीको प्रमुख उद्देश्य भनेको यस संघलाई एकीकृत बनाउँदै व्यवसायीको समस्याको समाधान गर्ने एउटा बलियो संस्थाको रुपमा स्थापित गर्नु हो । म संघलाई पारदर्शी, उत्तरदायी र व्यवसायीक सहजीकरणमा अगाडि ल्याउन चाहन्छु । यसलाई डिजिटलाइजेसन, समावेशी नीति र सहजीकरणमार्फत प्रभावकारी बनाउने मेरो योजना छ । बिगतका दिनमा संघले निजी क्षेत्रको प्रतिनिधित्व गरी सरकारसँग सहकार्य गर्दै आएको थियो । यसलाई अझै प्रभावकारी बनाउनु जरुरी छ ।

***सम्बाददाता:*** यो डिजिटाइजेसन र सहजीकरणको कुरा निकै प्रभावकारी लाग्यो । तपाईंको नेतृत्वमा संघलाई कसरी डिजिटल प्रणालीमा लैजाने योजना छ ?

***रानाभाट:*** बर्तमान समयमा प्रबिधिमैत्री जीवनपद्धतिको विकास हुनु जरुरी भइसकेको छ । आजको युगमा डिजिटल प्रणाली अनिवार्य बनिसकेको अवस्थामा संघका सबै सेवाप्रणालीलाई अनलाइन मार्फत् संचालनमा ल्याउने ब्यवस्था गराउनेछु । सदस्यता नवीकरणदेखि समस्या दर्ता र समाधान प्रक्रियासम्म सबै कुरा डिजिटल हुनेछ । यसले व्यवसायीले समय र स्रोत बचत गर्न सक्नेछन् । यस्तै, संघको आधिकारिक मोवाइल एप्लिकेशन पनि विकास गर्ने योजना छ, जसले सूचना, तालिमका अवसर र सरकारी नीति परिवर्तनसम्बन्धी खबर तुरुन्तै सदस्यसम्म पुऱ्याउनेछ ।

***सम्बाददाता:*** मोवाइल एप्लिकेशन र डिजिटल प्रणालीको योजना राम्रो छ । तर, ग्रामीणक्षेत्रमा पहुँच नभएका व्यवसायीलाई यो प्रणालीले कसरी फाइदा पुऱ्याउँछ ?

***रानाभाट:*** यो विषयमा पनि प्रबिधिलाई अधिकतम उपयोग नीति लिन सकिनेछ । ग्रामीण क्षेत्रमा पनि मोवाइल डाटा चलाएर हाम्रो एपमार्फत काम गर्ने वातावरण बनाउन सकिन्छ । हामी डिजिटल प्रणालीसँगै ग्रामीण पहुँचका लागि ‘मोवाइल सहजीकरण टोली’ खडा गर्नेछौं । यी टोलीले ग्रामीण व्यवसायीको समस्या सुन्ने, उनीहरुको तर्फबाट दर्ता गर्ने र समस्या समाधान गर्ने काम गर्नेछन् । यस्तो समन्वयले ग्रामीण व्यवसायीलाई थप सशक्त बनाउनेछ । प्रबिधिले ग्रामीण क्षेत्र र सहरी क्षेत्र भनेर छुट्याउँदैन ।

***सम्बाददाता:*** मकवानपुरका व्यवसायीले यतिबेला भोगिरहेका प्रमुख चुनौती के छन् र तपाईंको दृष्टिकोणमा तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ ?



**प्रमोदसिंह रानाभाट**
अध्यक्ष पदका उमेद्वार
**मकवानपुर उद्योग वाणिज्य संघ**

***रानाभाट:*** व्यवसायीले अहिले दुई ठूला समस्या सामना गरिरहेका छन् । पहिलो, कर प्रणालीको अनियमितता र दोहोरो करको समस्या । दोस्रो, बैंकिङ प्रणालीमा कडाइ र उच्च ब्याजदर । यी दुवै समस्या समाधानका लागि संघले सरकार र बैंकसँग प्रत्यक्ष समन्वय गर्नेछ । करका सम्बन्धमा संघको एउटा ‘सल्लाहकार मञ्च’ बनाउनेछौं, जसले व्यवसायीलाई कानुनी विषयमा सहजीकरण प्रदान गर्नेछ । बैंकिङ समस्याको समाधानका लागि सहुलियतपूर्ण कर्जा र ऋण पुनर्संरचनाको बहस गरी निष्कर्षमा पुग्न सकिन्छ । निजी क्षेत्र र सरकार हातेमालो गर्नुको बिकल्प पनि त छैन ।

***सम्बाददाता:*** तपाईंले सरकारसँग समन्वयको कुरा गर्नुभयो । तर, के तपाईंको अनुभवले संघलाई यस्तो सरकारी समन्वयमा सक्षम बनाउनेछ ?

***रानाभाट:*** म लामो समयदेखि संघ र विभिन्न वस्तुगत संघका सदस्यको रुपमा सक्रिय छु । सरकार र स्थानीय प्रशासनसँग मेरो अनुभव र समन्वय क्षमताले संघलाई प्रभावकारीरुपमा नेतृत्व गर्न सक्षम बनाउँछ । यसअघि, मैले करसम्बन्धी धेरै समस्या समाधान गर्न पहल गरेको छु । त्यही अनुभवलाई म अध्यक्षको भूमिकामा उपयोग गर्न चाहन्छु । निजी क्षेत्रका उद्योगी ब्यवसायीले पनि त सरकारलाई कुनैपनि रुपमा सहयोग गरिरहेका छन् । निजी क्षेत्रबिना सरकार कसरी संचालन गर्न सकिन्छ र ?

***सम्बाददाता:*** तपाईंको अनुभवबारे चर्चा गर्दा, तपाईंको योग्यता र पृष्ठभूमि व्यवसायिक नेतृत्वका लागि कस्तो रहेको छ ?

***रानाभाट:*** मैले व्यवसायिक नेतृत्वको क्षेत्रमा १५ वर्षभन्दा बढी समय बिताएको छु । ब्यवसायीको पक्षमा काम गर्न पनि त नेतृत्व पक्षको क्षमताको कुरा होलान । मेरो व्यवसायिक करिअरमा मैले साना व्यवसायबाट सुरु गर्दै औद्योगिक क्षेत्रमा पनि काम गरेको छु । यसबाहेक, म संघका विभिन्न समितिको सदस्य भएर नीतिनिर्माण प्रक्रियामा सहभागी भएको छु । यी सबै अनुभवले संघलाई अग्रगामी बनाउन मेरो नेतृत्वले मजबुत बनाउँछ ।

***सम्बाददाता:*** तपाईंको नेतृत्वले संघको भाबि कार्यदिशामा के कस्ता परिवर्तन ल्याउन सक्छ ?

***रानाभाट:*** मेरो नेतृत्व समावेशी र नतिजा-केन्द्रित हुनेछ । म केवल समस्याको पहिचानमात्र होइन, तिनको समाधानमा तत्काल कदम चाल्न चाहन्छु । मेरो फरक क्षमतामा व्यवसायीको आवाजलाई प्राथमिकता दिनसक्ने सामर्थ्य र पार दर्शिता ल्याउने प्रतिबद्धता समावेश छ । संघका अग्रजहरुसँगको परामर्श, सरसल्लाहले संघको गतिबिधिलाई अगाडि बढाउन सकिन्छ ।

***सम्बाददाता:*** अब तपाईंको टिमबारे कुरा गरौं । तपाईंले आफ्नो टिम पनि सार्वजनिक गर्नुभएको छ । यो टीमको सामूहिक बल र योगदान के हो ?

***रानाभाट:*** मेरो टिम व्यवसायका विभिन्न क्षेत्रबाट आएका योग्य र अनुभवी सदस्यको संयोजन हो । कोषाध्यक्ष, महासचिव, उपाध्यक्षजस्ता हरेक सदस्यको भूमिका स्पष्ट छ । हाम्रा सदस्यको अनुभव र उत्साहले हामीलाई संघको लक्ष्य प्राप्त गर्न बलियो बनाउनेछ । विशेष गरी, महिलाको सहभागिता र युवा सदस्यको उत्साह हाम्रो टिमको प्रमुख बल हो ।

***सम्बाददाता:*** तपाईंको टीमले महिलाको सहभागितालाई प्राथमिकता दिएको देखिन्छ । महिलाको भूमिकालाई संघमा कसरी सशक्त बनाउने योजना छ ?

***रानाभाट:*** ब्यापारब्यवसायमा महिलाहरु निकै सक्षम छन् । बिगतमा महिला घरभित्र मात्रै सीमित हुनुपर्छ भन्ने सोचाई भएका मानिमा पनि हिजोआज परिवर्तन आएको छ । महिला व्यवसायीको सीपविकास र उनीहरुको पहिचानलाई बलियो बनाउन ‘महिला उद्यमशीलता कोष’ स्थापना गर्ने योजना छ । यसबाट महिलालाई वित्तीय सहयोग, तालिम र बजार पहुँच दिलाउनेछौं । साथै, महिलाको समस्या सुनाउने ‘महिला समन्वय समिति’ पनि बनाउनेछौं ।

***सम्बाददाता:*** अन्त्यमा, मकवानपुरका व्यवसायीसमक्ष तपाईंको केही सन्देश राख्नु पर्नेछ ?

***रानाभाट:*** मकवानपुरलाई आर्थिकरुपमा बलियो बनाउनु हाम्रो सबैको साझा लक्ष्य हो । म, मेरो टिम र मेरो योजनाले व्यवसायिक विकासका लागि प्रतिबद्ध छु । यो संघ व्यवसायीको मात्र होइन, सम्पूर्ण मकवानपुरको भविष्य हो । त्यसैले, मलाई र मेरो टिमलाई मतदान गरेर हाम्रो योजनालाई कार्यान्वयन गर्ने मौका दिनुहोस् । म तपाईंहरुको विश्वासलाई कहिल्यै तोड्ने छैन । ब्यवसायी मतदाताले बिबेक प्रयोग गर्नुहुनेछ भन्ने कुरामा म र सिङ्ग टिम आशाबादी छ ।

# वडामा कानुनीशिक्षा बुझाउँदै टोल विकास समन्वय समिति




साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/हेटौंडा उपमहानगरपालिकाअन्तर्गत्को टोल विकास संस्था नगरसमन्वय समितिले वडातहमा कानुनीशिक्षाबारे अनुशीक्षण गरिरहेको छ ।

वडामा गठित टोल विकास संस्था एवम् अन्य संघसंस्थाका पदाधिकारी तथा सदस्यको लागि १ दिने समुदायस्तरीय कानुनीशिक्षा अनुशिक्षण गरेको हो । समितिले पछिल्लोपटक हेटौंडा-४ र ५ नम्बर वडामा कानुनीशिक्षा अनुशिक्षण गरेको छ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका न्यायिक समितिले कानुनीशिक्षाको कक्षा दिएर सहयोग पुऱ्याएको छ ।

नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-५ का वडाध्यक्ष सुशील घिमिरे न्यायिक समितिका सदस्य एवम् नगरसमन्वय समितिका सल्लाहकार ज्ञानबहादुर थापा, ५ नम्बर वडासदस्य रञ्जिता सिलवाल र रामबहादुर राई लगायतको आतिथ्यता थियो ।

हेटौंडा उपमहानगर पालिका सामाजिक विकास महाशाखा प्रमुख भिमप्रसाद तिमल्सिना, टोल विकास संस्था नगर समन्वय समितिका उपाध्यक्ष शान्ति श्रेष्ठ, महासचिव शिवहरि दाहाल, उपमहासचिव देवकुमार श्रेष्ठ, सदस्यहरु सुरेश लामिछाने, ज्ञानेन्द्र देबकोटा, पदमबहादुर बजगाई, उर्मिला राना, सुमित्रा पाण्डे, सर स्वती दाहाल, मेलमिलाप केन्द्रका संयोजक यदुवंश खतिवडा, ४ नम्बर वडा समन्वय समितिका अध्यक्ष र ाजेन्द्र बस्ताकोटी, ५ नम्बर वडा समन्वय समितिका अध्यक्ष टीकाबहादुर खड्कालगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिका कानुनअधिकृत सुजन तिमल्सिना, अधिवक्ता शिव बन्जारा र पार्बती बिकले सहजीकरण गरेका थिए ।

कार्यक्रममा हेटौंडा-४ र ५ नम्बर वडाका ७० जनाको सहभागिता रहेको थियो । कार्यक्रम नगरका सबै वडामा सञ्चालन गरिने नगरसमन्वय समिति महासचिव दाहालले जानकारी दिए ।

# प्रकाश र परीक्षाले सुरु गरे ‘सोल्टिनी’को छायांकन



काठमाडौं/अर्जुन सुवेदीको निर्देशनमा बन्न लागेको फिल्म ‘सोल्टिनी’को छायांकन सुरु गरिएको छ । मङ्गलबार इलामस्थित सानो पाथीभरा मन्दिरमा शुभसाइत गरेसँगै छायांकन थालिएको हो । ३१ दिनको तालिकामा इलाम तथा भोजपुरमा फिल्मको छायांकन हुनेछ ।

मन्दिर परिसरमै फिल्मका लागि पहिलो शट अभिनेता प्रकाश सपुत, अभिनेत्रीद्वय परीक्षा लिम्बू र सब्बु गुरुङ तथा कलाकार सुन्दर धितालले दिए । फिल्ममा विल्सन विक्रम राई, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुजन खतिवडा लगायतको पनि अभिनय रहनेछ । छायांकनपूर्व दुई साता वर्कसप गरिएको थियो ।

दुई फरक जातीय पृष्ठभूमिका पात्रको वियोगान्त प्रेमकथामा बन्न लागेको फिल्ममा प्रकाशले भीमसेन पोखरेल र परीक्षाले दिलासा राईको भूमिका निभाउनेछन् । फिल्मको कथा उनीहरुमै केन्द्रित रहनेछ । फिल्मले समाजमा व्याप्त अमानवीयता र जातीय भेदभावविरुद्ध आवाज उठाउने निर्देशक सुवेदीले जानकारी दिए । यसअघि उनले ‘रंगेली’ निर्देशन गरेका थिए ।

सुशन प्रजापतिको छायांकन रहने ‘सोल्टिनी’मा प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतले संगीत दिएका छन् । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिने र योलो इन्टर टेन्मेन्टको सहकार्यमा बन्न लागेको फिल्मका लेखक अर्जुन सुवेदी र कुमार भट्टराई हुन् । रेजिना बिस्ट र संसार चौलागाईं रहेको फिल्मलाई २०८२ साल असोज ३ गते अर्थात् संविधान दिवसको दिन रिलिज गरिने जनाइएको छ ।

# ‘एडल्ट ड्रामा’को ट्याग दिँदै ‘दु:खी आत्मा’को टिजर रिलिज

काठमाडौं/एकपछि अर्को सफल फिल्म दिइरहेका निर्देशक दीपेन्द्र लामाको नयाँ फिल्म ‘दु:खी आत्मा’ आगामी फागुन २ गते (भ्यालेनटाइन डे)बाट प्रदर्शनमा आउँदैछ । ‘डिग्री माइला’पछि एकपटक फेरि अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल शर्माको जोडी बाँधिएकाले फिल्मलाई लिएर दर्शक उत्साहित छन् । यसैबीच, मंगलबार फिल्मको युट्युबमार्फत् टिजर सार्वजनिक गरिएको छ ।

३ मिनेट १५ सेकेण्ड लामो टिजरले प्रेमलाई केन्द्रविन्दू बनाएर यौन आकर्षण र दुर्बलताको कथा पेश गरेको छ । दयाहाङको पात्र इरेक्टाइल डिसफंक्शन अर्थात् नपुंसकता (सम्भोगको क्रममा उत्तेजना नहुनु) समस्याबाट पीडित देखिन्छ । ‘एडल्ट ड्रामा’ उल्लेख गरिएको टिजरमा आँचलले कामुक हाउभाउ प्रस्तुत गरेकी छिन् । यसमा प्राय: संवाद दोहोरो अर्थ लाग्ने छन् ।

फिल्ममा दयाहाङ र आँचलसहित अनुपविक्रम शाही, बुद्दि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, दीया मास्के, आशान्त शर्मा, लुनिभा तुलाधर, शिशिर वाङ्देल लगायतको पनि अभिनय छ । निर्देशक लामा स्वयंको लेखन रहेको फिल्मलाई हिमाल कडरियाले निर्माण गरेका हुन् । यसअघि उनीहरुबीच फिल्म ‘नाङ्गो गाउँ’मा सहकार्य भएको थियो ।

क्लक वर्क कृएसनको ब्यानरमा निर्माण भएको फिल्मको कार्यकारी निर्मातामा सुदीप ढकाल छन् । आलोक शुक्लाको छायांकन रहेको फिल्ममा निमेष श्रेष्ठको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । फिल्ममा चर्चित कवि श्रवण मुकारुङले विभिन्न शीर्षकमा लेखेका दशवटा कविता समावेश गरिएको छ, जुन टिजरमा पनि सुन्न सकिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बाँसबारीबाट चौधरी समूहलाई उन्मुक्ति दिने तयारी

काठमाडौं/छालाजुत्ता कम्पनीको आवरणमा बाँसबारीको १० रोपनी सरकारी जग्गा निजीकरण गरेको चौधरी समूहले अन्तत: उक्त जग्गामाथिको हक्दावी छाडेको छ । चौधरी समूहको सीजी चाँदवाग रेसिडेन्सीले उक्त जग्गामाथि हकदावी गरी सर्वोच्च अदालतमा दायर गरेका दुईवटा रिट निवेदन फिर्ता लिएको हो । सर्वोच्च अदालतले मंगलबार नै निवेदन फिर्ता लिन अनुमतिसमेत दिइसकेको छ ।

सर्वोच्च अदालतका प्रवक्ता अच्यूत कुइकेलले सीजी चाँदवाग रेसिडेन्सी प्रालिका अध्यक्ष सञ्जय ठाकुरले दर्ता गरेका दुई निवेदन फिर्ता भए पनि त्यसमा भएको विषयवस्तु आफूलाई थाहा नभएको प्रतिक्रिया दिए । उनले भने, ‘निवेदनको व्यहोरा र आदेश हेरेर मात्रै यसो भएको भन्न सकिन्छ, अहिले नै सबै कुरा थाहा भएन ।’

महान्यायाधीवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले रिटमा माग गरेको विषयवस्तुबाट पछि हटेर मात्रै रिट निवेदन फिर्ता लिने अभ्यास रहेको बताए । उनले भने, ‘मैले जे दावी गरेको थिएँ, त्यो आवश्यक रहेन भनेर मुद्दा फिर्ता लिने चलन छ । अथवा, मैले दावी गरेको विषयमा प्रमाण पुऱ्याउन सक्दिनँ भनेर पनि फिर्ता लिने गरिन्छ ।’

एउटा विवादमा एकपटक मात्रै न्यायिक उपचार खोज्ने हक हुन्छ भन्ने प्राङ्न्यायको सिद्धान्त (रेस जुडिकेटा) अनुसार, रिट निवेदन फिर्ता लिएपछि त्यही विषय माग गरेर फेरि मुद्दा हाल्न पाइँदैन । यसरी हेर्दा, बाँसबारीस्थित छालाजुत्ता कारखानाको जग्गामा आफ्नो हकदावीबाट चौधरी समूह पछि हटेको हो । मुद्दा फिर्ता भएसँगै सरकारलाई चाँदवाग स्कूल रहेको जग्गा खाली गराउने बाटो खुलेको छ । तर, स्कूल सञ्चालन भएकाले मानवीय आधारमा निश्चित अवधि तोकेर सरकारले जग्गा खाली गराउने सुविधा दिन सक्नेछ ।

बाँसबारी छालाजुत्ता कारखानाको सरकारी जग्गा गैर कानूनी रूपमा निजीकरण भएपछि सरकारले अनुसन्धान अघि बढाउना साथ चौधरी समूहको सीजी चाँदवाग रेसिडेन्सीले सर्वोच्च अदालतमा पहिलो रिट निवेदन दर्ता गरेको थियो । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)बाट अनुसन्धान अघि बढाएसँगै सरकारले जग्गा सरकारीकरण समेत गरेको थियो । त्यसपछि सीजी चाँदवाग रेसिडेन्सीले आफ्नो जग्गा जबर्जस्ती सरकारीकरण भएको भन्दै दोस्रो रिट निवेदन दर्ता गरेको थियो ।

गत वर्ष माघको पहिलो साता जाहेरी लिएर अनुसन्धान शुरु गरेकाले सीआईबीले एकवर्षे हदम्यादका कारण आगामी दुई साताभित्र ठगी मुद्दाको अनुसन्धान टुंग्याउनुपर्ने थियो । मुद्दा नचल्ने निर्णय गराउन राजनीतिक दबाब तीब्र भएका बेला चौधरी समूहको उक्त कम्पनीले जग्गामाथिको दावी छाडेको हो । मंगलबार दर्ता भएको निवेदनमाथि सम्बोधन गर्दै न्यायाधीशहरू डा. मनोजकुमार शर्मा र नृपध्वज निरौलाको इजलासले ‘मागबमोजिम हुने’ भनी आदेश गरेका हुन् । आदेशसँगै चौधरी समूहको सीजी चाँदवाग रेसिडेन्सीले बाँसबारीको जग्गामाथिको हकदावी समाप्त भएको छ । बाँसबारीको जग्गा गैरकानूनी रूपमा निजीकरण भएको घटनाको अनुसन्धानमा सीआईबीले गत वर्ष १८ माघमा व्यवसायी अरुण चौधरीलाई पक्राउ गरेको थियो । उनीसँगै बाँसबारी छालाजुत्ता कार खानाका तत्कालीन कार्यकारी प्रमुख अजितनारायण सिंह थापालगायत पनि पक्राउ परेका थिए ।

पछि जिल्ला अदालतको आदेशअनुसार, उनीहरू हाजिर जमानीमा छुटेका थिए । सीआईबीले सरकारी वकिलको कार्यालय, काठमाडौंमा व्यवसायी एवं कांग्रेस सांसद बिनोद चौधरीको बयानसमेत लिएको थियो ।

**“मुद्दा नचलाउने रणनीति”**

महान्यायाधिवक्ता कार्यालय स्रोतका अनुसार, चौधरी समूहले अनुसन्धान गरिरहेका प्रहरी अनि सरकारी वकिलहरूलाई थप दबाबमा राख्न मुद्दा फिर्ताको निर्णय गरेको हो । ‘जे उद्देश्यका लागि मुद्दा चलाउन खोजिएको थियो, त्यो प्राप्त भइसकेकाले अब ठगी मुद्दा चलाउनुको औचित्य हुँदैन भन्ने दावीसहित दबाब परिरहेको छ,’ महान्यायाधिवक्ता कार्यालय स्रोतले भन्यो, ‘रिट निवेदन फिर्तासँगै त्यो दबाब चर्को हुने निश्चित छ ।’

महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले सीआईबीले अनुसन्धान गरिरहेको विषयमा कुनै पत्राचार नभएको र अनुसन्धान पनि नटुंगिएको बताए । उनले भने, ‘अनुसन्धान टुंगिएपछि मात्रै अरु कुरा थाहा हुन्छ ।’ स्रोतका अनुसार, सीआईबीले अदालतमा विचाराधीन रिट निवेदन फिर्ता भएमा मुद्दा चलाउन नपर्ने रायसहित प्रतिवेदन तयार गर्ने तयारी थालेको छ ।

बाँसबारीको जग्गा गैर कानूनी रूपमा कम्पनीको नाममा दर्ता गर्ने निर्णयमा ठगीका साथसाथै किर्ते भएको भेटिए मुद्दा चल्ने अवस्था यथावत रहन्छ । त्यसबाहेक सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेर भ्रष्टाचार गरेको आरोपसहित परेको उजुरीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान गरिरहेको छ ।

गत वर्षदेखि नै अनुसन्धान गरिरहेको अख्तियारले अनुसन्धान टुंग्याउन सकेको छैन । सरकारी सम्पत्ति हानी नोक्सानीको विषय भएकाले उसलाई मुद्दा दायर गर्न समयसीमा (हदम्याद)को बाध्यता पनि छैन । गत वर्ष माघदेखि डिल्लीबजार मालपोत कार्यालयले बाँसबारीको जग्गा फिर्ता लिने प्रक्रिया शुरु गरेको थियो । उसले सीजी चाँदबाग र ेसिडेन्सीका नाममा सूचना जारी गर्दै जग्गामाथि हकदावी लाग्ने प्रमाण पेश गर्न भनेको थियो । त्यसपछि ९ चैतमा उक्त जग्गा सरकारीकरण भएको थियो, जुन निर्णयविरुद्ध चाँदबाग रेसिडेन्सीले दोस्रो रिट निवेदन दर्ता गरेको थियो ।

अहिलेको चलखेलले निर्णायक मोड लियो भने बाँसबारीको जग्गा निजीकरणमा संलग्नहरूमाथि मुद्दा नचल्ने निर्णय हुनसक्छ । प्रहरीको रायका आधारमा हुने निर्णय जिल्ला, उच्च सरकारी वकिलको कार्यालय हुँदै महान्यायाधीवक्ताबाट अनुमोदन हुनुपर्छ । महान्यायाधीवक्ताले मुद्दा नचल्ने निर्णय भनी गरेको निर्णयमाथि पनि सर्वोच्च अदालतमा न्यायिक परिक्षण हुनसक्छ ।

**जुत्ता कम्पनीदेखि स्कूलसम्म**

बाँसबारी छालाजुत्ता कारखानाले निजी कम्पनी खोल्न जग्गा दिने र त्यसवापत २५ प्रतिशत शेयर पाउने सम्झौताअनुसार २७ कार्तिक २०४३ मा च्याम्पियन फुटवेयर लिमिटेड नाम कम्पनी स्थापना भएको थियो । निर्णयअनुसार, च्याम्पियन फुटवेयरमा बाँसबारी छालाजुत्ता कारखानाको २५ प्रतिशत शेयर रह्यो । बाँकी शेयर लुनकरणदास चौधरी, विनोदकुमार चौधरी, बसन्तकुमार चौधरी, अरुणकुमार चौधरी, महेशकुमार अग्रवाल र गंगादेवी चौधरीको नाममा थियो ।

कम्पनी खुलेको अर्को वर्ष २०४४ सालको भदौ र मंसिरमा बाँसबारीको १० रोपनी जग्गा च्याम्पियनका नाममा नामसारी (दाखिला खारेज) गर्ने निर्णय भएको थियो । जग्गा हस्तान्तरण गर्दा नेपाल सरकारको निर्णय आवश्यक परे ‘पछि पेश गर्ने’ भनिएको थियो । सीआईबीको प्रारम्भिक छानबिन प्रतिवेदनमा भनिएको छ, ‘त्यसक्रममा मालपोत कार्यालय डिल्लीबजारको मोठ रजिष्ट्रारमा अधिग्रहण भन्ने शब्द काटेर जग्गा हस्तान्तरण गरेको देखियो ।’

भदौ २०४५ मा एक करोड पूजीको उक्त कम्पनीलाई चौधरी समूहले तीन करोडको बनायो । यस्तै, चौधरी समूहले उक्त जग्गालाई विभिन्न चरणमा चलाखीपूर्वक आफ्नो कब्जामा लिएको देखिन्छ । चौधरी समूहले तीन चरणमा उक्त जग्गालाई आफ्नो पूर्ण स्वामित्वमा ल्यायो । पहिलो चरणमा चौधरी समूहले च्याम्पियन फुटबेयरबाट बाँसबारी छालाजुत्ता कारखानालाई अलग गर्ने प्रयास थाल्यो ।

*(स्रोत: अनलाइनखबर)*

# बहुउद्देश्यीय सहकारी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको ११ औं वार्षिक साधारणसभा भएको छ । मंगलबार संघका अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।



साधारणसभाको अबसरमा रिद्धिसिद्धि सिमेन्ट प्रालि, सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था, किसान कल्याण बहुउद्देश्यीय संस्था, जिल्ला दुग्ध उत्पादक सहकारी संघलाइ सम्मान गरिएको थियो । संघले नियमित बचतकर्तातर्फ राजदेवी महिला बहुउद्देश्यीय सहकारी संस्था र उत्कृष्ट सहकारीतर्फ पालुङ बहुउद्देश्यीय सहकारी संस्था, सञ्चार कर्मीतर्फ सुनिल शिवाकोटीलाई प्रशंसापत्र र दोसल्ला ओडाएर सम्मान प्रदान गरेको थियो ।

साधारणसभामा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघका सदस्य बद्रीप्रसाद लम्साल, हेटौंडा उपमहानगरका उद्योग, पर्यटन तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव वीरेन्द्रप्रसाद ढुंगाना, हेटौंडा-९ का वडासदस्य विष्णु रानामगर, उपभोक्ता संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडा, हेटौंडा साकोसका अध्यक्ष इन्द्रबहादुर बस्नेत, सर्वोत्तमसंचिति साकोसका अध्यक्ष रामबहादुर बस्नेत, युसेस साकोसका अध्यक्ष उत्तम शर्माढकाल, लेखा समिति संयोजक रामेश्वर अर्याल लगायतको आतिथ्यता थियो ।

जिल्लामा ५० भन्दा बढी बहुउद्देश्यीय सहकारी संस्था रहेता पनि ३२ सहकारी सक्रिय रहेको र संघमा २३ वटा संस्था आवद्ध रहेका छन् । १ लाख ४० हजार शेयर पुँजी रहेको संघमा २८ लाख ५ हजार ६४२ रुपैयाँ बचत रहेको छ ।

संघको जगेडाकोषमा २ लाख १ हजार ३८५ रुपैयाँ रहेको छ भने ३७ लाख ७ हजार ७१४ रुपैयाँको कारोबार गरेको प्रतिवेदनमा उल्लेख छ । सभामा अध्यक्ष न्यौपानेले सैको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै भावी कार्यक्रम र योजना प्रस्तुत गरेका थिए ।

# रानी सामुदायिक वनको वार्षिकोत्सव, उपभोक्तालाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको ३१ औं वार्षिकोत्सव सम्पन्न भएको छ ।

समूहले वार्षिकोत्सवको अवसरमा विभिन्न विधामा उत्कृष्ट उपभोक्तालाई सम्मानित गरेको छ । उत्कृष्ट किसान पम्फादेवी बयलकोटी, उत्कृष्ट पशुपालनमा गोविन्दप्रसाद ढुंगाना, उत्कृष्ट हस्तकलामा बिजु राई, उत्कृष्ट महिला समूहमा सुनौलो महिला आयआर्जन समूहलाई सम्मानित गरिएको हो ।

यसैगरी, उत्कृष्ट उपभोक्तामा राजकुमार फुँयाल, सालक संरक्षणमा शोभा घिमिरे र वातावरण संरक्षणमा लक्ष्मीचरण श्रेष्ठलाई सम्मानित गरिएको थियो । वार्षिकोत्सव कार्यक्रम हेटौंडा-६ का वडाअध्यक्ष, विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् वन समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा भएको थियो ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुर अध्यक्ष साधुराम चौलागाईं, समूहका सल्लाहकार कृष्ण विडारी, जनकल्याण साकोसका अध्यक्ष हिमाल पौडेल, मनकामना दुग्ध उत्पादक सहकारीका अध्यक्ष अर्जुनप्रसाद दाहाल, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, सुनौलो महिला समूहकी अध्यक्ष पवित्रा रुम्बा, जागरण साकोसका सचिव सरिता विक, नौलोबिहानी कृषि सहकारीका उपाध्यक्ष जयराम घिमिरेलगायतको आतिथ्यता थियो ।

# उद्योग संघ मकवानपुरको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/उद्योग संघ मकवानपुरको २३ औं साधारणसभा मंगलबार भएको छ । उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माको समाध्यक्षता तथा प्रतिनिधि सभा सदस्य तथा नेकपा एमालेका प्रमुखसचेतक महेशकुमार बर्तौलाको प्रमुख आतिथ्यतामा भएको हो ।




कार्यक्रममा सहभागी उद्योगी, व्यवसायीले सरकारले उद्योगमैत्री ऐन ल्याउन नसक्दा आफूहरुमा मारमा परेको बताएका छन् । सभालाई सम्बोधन गर्दै बर्तौलाले प्रशासनिक नेतृत्वको कारण राजनीतिक नेतृत्वले काम गर्न नसकेको आरोप लगाएका छन् । राजनीतिक नेतृत्वले नीतिगत निर्णय मात्र गर्ने भएकोले मुलुकको नेतृत्व कर्मचारी प्रशासनले गरिरहेको उनले बताए । बर्तौलाले सचिव तहका कर्मचारी बाधक बन्दा हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्र सञ्चालन हुन नसक्ने स्थितिमा पुगेको जिकिर गरे ।

कर्मचारीले मन्त्रिपरिषद् बैठकको निर्णयलाई नै चुनौती दिन थालेको उनको भनाई छ । प्रमुख सचेतक बर्तौलाले कर्मचारी प्रशासनमा सुधार नभएकै कारण राष्ट्रिय गौरवका योजनाहरु अगाडि बढाउन समस्या परेको बताएका छन् । प्रशासनिक अप्ठ्याराकाबीच सहजता खोजेर मयुरधाप औद्योगिक क्षेत्रलाई सञ्चालन गर्नुपर्ने उनले बताए । प्रमुखसचेतक बर्तौलाले विगतमा सरकार अस्थिर हुँदा उद्योगक्षेत्र मारमा परेको बताएका छन् ।

घोषितरुपमै एमाले र कांग्रेस प्रमुख प्रतिस्पर्धी दल भए पनि जनता र राष्ट्रलाई केन्द्रमा राखेर वर्तमान सरकारले काम गर्ने उनले बताए । प्रमुखसचेतक बर्तौलाले मुलुकमा राजनीतिक स्थिरता हुने गरी संविधानका केही प्रावधानलाई संशोधन गरिने बताए ।

अघिल्लो सरकारले ल्याएको नीति, कार्यक्रम र बजेटमा वर्तमान सरकारले काम गर्नुपरेकाले केही असहजता हुन गएको उल्लेख गरे । कार्यक्रममा प्रतिनिधिसभा सदस्य विन्दावासिनी कंसाकार, नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष बीरेन्द्रराज पाण्डे, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठलगायतको आतिथ्यता थियो ।

# बकैया कप फुटबल प्रतियोगिता आजबाट

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा आज बुधवारबाट छैठौं संस्करणको बकैया कप फुटबल प्रतियोगिताको आयोजना हुँदैछ । प्रतियोगिताको तयारी पूरा भएको आयोजक खेलकुद विकास समितिले जनाएको छ ।

बकैया खेलकुद विकास समितिका संयोजक विजय लामाथिङले बकैया-३ स्थित बकैया रंगशालामा सञ्चालन हुने प्रतियोगिताको बागमती प्रदेश सरकारका युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जनले उद्घाटन गर्ने तय भएको जानकारी दिए । उद्घाटन खेलमा सिनियर तर्फको वडा नम्बर ३ र ७ बीच प्रतिस्पर्धा हुने भएको छ । उद्घाटन खेल दिउँसो १ बजे सुरु हुनेछ ।

बिहीवार वडा नम्बर ४ र १० बीच तथा वडा नम्बर ६ र ८ बीच प्रतिस्पर्धा हुनेछ । २७ गते वडा नम्बर ५ र ९ बीच प्रतिस्पर्धा हुनेछ । जुनियरतर्फ पुस २६ गते ११ नम्बर र १२ बीच र २७ गते वडा नम्बर १ र २ बीच प्रतिस्पर्धा हुनेछ । यस संस्करणको प्रतियोगितामा सिनियर टिम तथा जुनियर टिमको फरक-फरक प्रतिस्पर्धा हुने भएको हो । यसवर्ष जुनियर टिमबाट विजेता हुने टिम आगामी वर्ष सिनियर टिममा बढुवा हुनेछ भने सिनियर टिमको अन्तिम टिम घटुवा हुने संयोजक लामाले बताए ।

माघ १ गतेसम्म सञ्चालन हुने प्रतियोगिता नकआउट चरणमा खेलाइने जनाइएको छ । प्रतियोगितामा सिनियरतर्फको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै जुनियरतर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# बागमती प्रदेशका सांसदको गुनासो: केटाकेटी भन्दै नहेप

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ बागमती प्रदेशका सांसद तथा नेकपा माओवादी केन्द्रका प्रदेशअध्यक्ष सरल सहयात्रीले केटाकेटी भन्दै नहेप्न नेताहरुलाई आग्रह गरेका छन् ।

पार्टीको जारी केन्द्रीय समितिको बैठकको सन्दर्भमा बोल्दै नेता सहयात्रीले नहेप्न आग्रह गरेका हुन् । 'आफूले बनाएको संगठन र आफूले गाइड गरेर तयार पारेका कमरेडहरुलाई भतिज/भतिजी, भाइ/बहिनी र केटा/केटी भन्दै हर क्षण हेपेर तथा 'केही गर्नसक्ने छैनन्' भन्ने परिकल्पित आरोपहरु क्षणक्षणमा प्रस्तुत गरेर कोही कसैको परिपक्वता स्थापित हुदैन,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

पार्टी र संगठन सबैको साझा मिहिनेत, सामूहिक प्रयास र संयमपूर्वक त्याग र बलिदानले निर्माण भएको उनको भनाइ छ । अहिले रहेका नेताहरु नरहँदा पनि भविष्यमा माओवादी बिरासत बोकेर हिँड्नुपर्ने अवस्था ख्याल गर्न उनको आग्रह छ ।

नयाँपुस्तालाई विश्वास गर्न आग्रह गर्दा पौडेलले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, वर्षमान पुन र जनार्दन शर्मालाई समेत सम्झिएका छन् ।

उनी अगाडि लेख्छन्, '३३ वर्षमा महासचिव भएका प्रचण्ड, २६ वर्षमा पिबिएम भएका वर्षमान पुन, २५ वर्षमा प्रतिनिधिसभा सदस्यको चुनाव लडेका जनार्दन शर्मा, २० वर्षमुनि जनयुद्धको कमाण्ड गरेका र लडेका हजारौं योद्धा एवम् ३०० भन्दा धेरै ३० वर्षमुनि संविधानसभा सदस्यका लागि चुनाव लडेका त्यो जेनेरेसनले बनाएको पार्टी हो ।'

केन्द्रीय समितिमा जसले जे-जस्ता अभिव्यक्ति दिएका पनि सम्भावनाका प्रसस्त बाटाहरु रहेको भनेर पनि उनले आत्मविश्वास राख्न नेताहरुलाई भनेका छन् । 'आफ्नो लागि अगाडि सम्भावनाका प्रसस्त बाटोहरु छन्, आत्मविश्वास राख्नुहोस ।

पछाडिका पुस्ता झन धेरै सक्षम हुन्छन् भरोसा राख्नुहोस', अध्यक्ष पौडेल लेख्छन्, 'चलिरहेको पार्टी केन्द्रीय समिति बैठकले सबैका बारेमा उपयुक्त निर्णय गर्नुपर्छ विश्वास राख्नुहोस् ।'

# मकवानपुरमा चिसोले श्वासप्रश्वासका बिरामी बढे

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुरको उत्तरीभेगका दामन, पालुङ, चित्लाङ र मार्खु क्षेत्रमा चिसोका कारण वृद्धवृद्धा, शिशु र बालबालिकामा श्वासप्रश्वास, भाइरल ज्वरोको प्रकोप बढेको छ ।

स्थानीय स्वास्थ्यचौकीमा दैनिक उपचार गर्न आउने बिरामीको संख्यामा वृद्धि भएको जिल्ला स्वास्थ्यकार्यालयले जनाएको छ । हाल ती क्षेत्रका स्वास्थ्यचौकीमा दैनिक ७० देखि ८५ जनासम्म बालबालिका तथा वृद्धवृद्धाहरु चिसोबाट बिरामी भइ आउने गरेका छन् । ती क्षेत्रमा आवश्यक औषधि र स्वास्थ्यकर्मी परिचालन गरी उपचारलाई तीव्रता दिइएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मणप्रसाद घिमिरेले जानकारी दिए ।

उनले स्वास्थ्यकर्मीलाई बिदा नलिइकन उपचारसेवामा खट्न निर्देशन दिइएको बताए । थाहा नगरपालिकाले चिसोबाट बच्न विभिन्न बस्तीमा दाउरा वितरण गरी आगोताप्ने व्यवस्था मिलाएको छ । श्वासप्रश्वास, भाइरल ज्वरोको प्रकोपबाट प्रभावित बिरामीलाई तत्काल उपचारसेवामा सहजीकरण गर्दै औषधि उपलब्ध गराएको थाहा नगरपालिका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए ।

# जनकपुर बोल्ट्स ट्रफीसहित खुशीयाली मनाउन हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/पहिलो नेपाल प्रिमियर लिग (एनपीएल) विजेता टीम जनकपुर बोल्ट्स विजय उत्सव मनाउने क्रममा हेटौंडा आइपुगेको छ । पहिलो संस्करणको एनपीएल विजेता जनकपुर बोल्ट्सको टिम ट्रफीसहित मंगलबार हेटौंडा आएको हो ।

हेटौंडामा टोलीले आफ्नो शैक्षिक साझेदार हेटौंडा स्कुल अफ म्यानेजमेन्टका विद्यार्थीमाझ विजयको खुशी साटेको छ । क्याप्टेन अनिल साहसँगै खेलाडीहरु ललित राजवंशी र अरनिको यादव तथा जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देल र उत्कृष्ट सिग्देल हेटौंडा आइपुगेका थिए । उनीहरुले हेटौंडा स्कुल अफ म्यानेजमेन्ट र नवोदय शिशुसदन माविमा ट्रफी प्रदर्शन गरेका छन् ।

विद्यार्थीले खेलाडीको हस्ताक्षर (अटोग्राफ) संकलन पनि गरेका थिए । टोलीलाई हेटौंडामा स्वागत गर्दै हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीले खेलको विकासका लागि शैक्षिक साझेदारको रुपमा कलेज जनकपुर बोल्ट्ससँग जोडिएको बताए । एनपीएलमा जनकपुर बोल्ट्सको शैक्षिक साझेदार बन्नका लागि कलेजले २५ लाख रुपैयाँ खर्चेको थियो ।

यस्तै आफ्ना पूर्वविद्यार्थी समेत रहेका बोल्ट्सका क्याप्टेन अनिल साहलाई हेटौंडा स्कुल अफ म्यानेजमेन्टले कलेजको ब्रान्ड एम्बासडर बनाएको छ । कार्यक्रममा विद्यार्थीसँग अन्तरक्रिया गर्दै क्याप्टेन साहले उपाधि जित्दाको खुशी हेटौंडामा साट्न पाउँदा हर्षित भएको बताए ।





## २५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.को २५ औ वार्षिक साधारण सभा यही २०८१ साल पौष २७ गते गर्ने यस संस्थाको सञ्चालक समितिको २०८१/८/१० गतेको बैठक नं. २४७ बाट निर्णय भएको तपशिल बमोजिमको मिति, समय र स्थानमा सभा हुने हुँदा सम्पूर्ण सदस्यहरुमा अनिवार्य उपस्थितको लागि हार्दिक अनुरोध गर्दछौ साथै शेयर सदस्यहरुलाई पत्र पठाईसकेको हुँदा पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी अनवार्य उपस्थित भई दिनुहुन अनुरोध छ ।

१) साधारण सभामा उपस्थित हुन आउँदा वितरण गरिएको परिचय पत्र कार्ड साथमा लिई आउनुहोला अन्यथा उपस्थिति जनाउने छैन ।
२) २०८० सालको एस ई ई मा उत्कृष्ट सदस्यका छोरा छारी मध्येबाट एक/एक जनालाई सम्मान सहित प्रोत्साहन गर्ने भएकाले लब्धाङ्क पत्र र चरित्र प्रमाण पत्रको फोटोकपी यहि २०८१ पौष २४ गते भित्र संस्थमा पेश गरिसक्नु पर्ने छ ।

**मिति/समय र स्थान :** २०८१ पौष २७ गते शनिवार
२०८१ पौष २७ गते विहान १० बजेदेखि दिउसो ४ बजेसम्म उपस्थित हुने
२०८१ पौष २७ गते दिउसो १:३० बजे वार्षिक साधारणसभाको प्रस्तावहरुमा छलफल गरि पारित गर्ने
**स्थान:-** हेटौंडा ४, बालकुमारी पार्टी प्यालेस

महेन्द्र चित्रकार
सचिव
**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा, मकवानपुर

## लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
**१७ नं. वडा कार्यालय**
हेटौंडा, मकवानपुर

## फोहरमैलाको उचित व्यवस्थापन गरौ

☞ सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं.
☞ घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं.
☞ कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
☞ कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
☞ पुन: प्रयोग हुन सक्ने वस्तु (जस्तै-प्लाष्टिर्कका डिब्बा, झोला आदि) पुन: प्रयोग गरौं,
☞ फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
☞ प्लाष्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
☞ फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**
१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्योपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना